# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, चैत ३ गते २०५९ साल (संख्या ४८

## भाग ३

### श्री ५ को सरकार

### श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले वैदेशिक रोजगार ऐन, २०४२ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी अफगानिस्तानलाई वैदेशिक रोजगारको लागि नेपाली कामदार पठाउन सकिने मुलुकको रूपमा तोकेको छ ।

आज्ञाले,

प्रेमनिधि ज्ञवाली

श्री ५ को सरकारको सचिव

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५९।११।९ को निर्णयानुसार खण्ड ५२, अतिरिक्ताङ्क ३९, मिति २०५९।४।३० र खण्ड ५२, अतिरिक्ताङ्क ५२ (क), मिति २०५९।७।१३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाहरू बमोजिम स्थानीय निकायको कार्य सञ्चालनको लागि गठित समितिमा तोकिएको पदाधिकारीको अनुपस्थितिमा उक्त पदाधिकारीको काम गर्न तोकिएको कर्मचारीले समितिमा प्रतिनिधित्व गर्ने व्यवस्था गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

खेमराज नेपाल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५९।११।१६ को निर्णयानुसार नेपाल कानून सुधार आयोगको अध्यक्ष पदमा श्री निरन्जन थापा र सदस्य पदमा श्री विनोदकुमार देवकोटालाई ५ वर्षका लागि नियुक्ति गरेको छ ।

आज्ञाले,
उदयनेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला पूर्वाधार विकास कार्यालयलाई जिल्ला प्राविधिक कार्यालय नामाकरण गरी जिल्ला विकास समिति मातहत राखने निर्णय गरेकोले उक्त कार्यालयको पूरा नाम देहायबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

"श्री ५ को सरकार
स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कार्यालय
जिल्ला प्राविधिक कार्यालय"

आज्ञाले,
खेमराज नेपाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूलसुधार

नेपाल राजपत्रको खण्ड ५२, मिति २०५९ फागुन १९ गते, संख्या ४६, भाग ३ मा प्रकाशित नेपाल अधिराज्यका महालेखा परीक्षकको विभागको सूचना देहाय अनुसार हुनुपर्नेमा अन्यथा पर्न गएकोले भूलसुधार गरिएको छ ।

"नेपाल अधिराज्यका

## महालेखा परीक्षकको विभागको

# सूचना

महालेखा परीक्षकले श्री ५ को सरकारको स्वीकृति लिई महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी नियमावली, २०५० को नियम १५६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची–१ को सट्टा देहायको अनुसूची–१ राखी हेरफेर गरेको छ ।

अनुसूची – १
(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

**श्रेणी र श्रेणी अन्तर्गत रहने पदहरु**

| श्रेणी | पद नाम |
|---|---|
| राजपत्राङ्कित विशिष्ट श्रेणी | उपमहालेखा परीक्षक |
| राजपत्राङ्कित प्रथम श्रेणी | नायव महालेखा परीक्षक<br>कार्यालय प्रमुख |
| राजपत्राङ्कित द्वितीय श्रेणी | निर्देशक<br>निर्देशक (विशेषज्ञ)<br>कार्यालय उपप्रमुख |
| राजपत्राङ्कित तृतीय श्रेणी | लेखापरीक्षण अधिकारी |
| राजपत्र अनङ्कित प्रथम श्रेणी | लेखापरीक्षण अधीक्षक<br>कम्प्युटर अपरेटर |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | टेलिफोन अपरेटर |
| | टाइपिष्ट प्रथम श्रेणी |
| राजपत्र अनङ्कित द्वितीय श्रेणी | लेखापरीक्षण निरीक्षक |
| | इलेक्ट्रिसियन |
| | टाइपिष्ट द्वितीय श्रेणी |
| राजपत्र अनङ्कित तृतीय श्रेणी | जुनियर मेकानिक्स" |

आज्ञाले,

कृष्ण प्रसाद न्यौपाने
उपमहालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३३०